# महालेखापरीक्षकको कार्यालय

अनामनगर काठमाडौं

२०८१ माघ

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

## २०८१ कार्तिक, मंसिर र पौष महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतःप्रकाशन) को विवरण

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## १. कार्यालयको स्वरुप र प्रकृतिः

सार्वजनिक निकायहरुको अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्ने उद्देश्यले नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम २०१६ साल आषाढ १५ गते नेपालका प्रथम महालेखापरीक्षकको नियुक्तिसँगै महालेखापरीक्षकको कार्यालयको स्थापना भएको हो । यस कार्यालयले लेखापरीक्षणको माध्यमबाट मुलुकको सार्वजनिक स्रोत, साधनको संरक्षण गर्ने साथै सरकारी आम्दानी र खर्च लगायत सरकारका कार्यहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गर्ने गर्दछ । सार्वजनिक निकायको सेवा प्रवाह, आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन तथा असल अभ्यासको स्थापनामा महालेखापरीक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । महालेखापरीक्षकबाट जारी हुने लेखापरीक्षण प्रतिवेदन/नतिजा मार्फत् संघीय संसदले आफूद्वारा स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन र सरकारका समग्र क्रियाकलापहरु सम्बन्धमा संसदीय निगरानी गर्ने प्रचलन रहेको छ । संविधानको धारा २४१ अनुसार सबै संवैधानिक निकाय तथा सोको कार्यालय, अदालत, सुरक्षा निकाय लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गर्ने, ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिका लागि परामर्श र अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा आवश्यक निर्देशन दिने, महालेखापरीक्षकलाई लेखापरीक्षणको सिलसिलामा लेखासँग सम्बन्धित कागजपत्रहरु जुनसुकै बखत हेर्न पाउने अधिकार हुने, तोकिएका कार्यालय बाहेक अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानून बमोजिम व्यवस्था गर्न सकिने, लेखापरीक्षण गरिने निकायको लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने लगायतका काम, कर्तव्य र अधिकार महालेखापरीक्षकलाई तोकिएको छ ।

उपर्युक्त संवैधानिक जिम्मेवारी पूरा गर्नका लागि यस कार्यालय अन्तर्गत पूर्वाधार विकास, आर्थिक तथा सामाजिक क्षेत्र, सुरक्षा निकाय, प्रदेश तथा स्थानीय तह लगायत विभिन्न क्षेत्रको लेखापरीक्षण गर्ने गरी ४ विभाग, १८ महानिर्देशनालय तथा ३५ निर्देशनालय गठन गरिएका छन् । निर्देशनालयको कामको प्रकृति, कार्यक्षेत्र तथा लेखापरीक्षण गर्नुपर्ने निकाय संख्याको आधारमा उक्त निर्देशनालयमा विभिन्न तहका आवश्यक जनशक्तिको पदस्थापन गर्ने गरिएको छ । यस कार्यालयमा हाल राजपत्रांकित विशिष्ट श्रेणीका उप-महालेखापरीक्षक ४, राजपत्रांकित प्रथम श्रेणीका नायब महालेखापरीक्षक १८, राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक ११३ (विशेषज्ञ, कानून र सूचना प्रविधि सहित) तथा राजपत्रांकित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी २५५ र अन्य सहायक कर्मचारीहरु समेत गरी कूल ६४३ दरबन्दी रहेको छ ।

नेपालको संविधानको भाग-२२ धारा २४० मा महालेखापरीक्षक सम्बन्धी व्यवस्था रहेको छ । जस अनुसार नेपालमा एक महालेखापरीक्षक रहने प्रावधान छ । राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । महालेखापरीक्षकको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ। मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातक उपाधि प्राप्त गरी वा चार्टर्ड

एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा काम गरेको वा लेखापरीक्षण सम्बन्धी काममा कम्तीमा बीस वर्ष अनुभव प्राप्त गरेको व्यक्ति महालेखापरीक्षकको लागि योग्य हुनेछ।

उक्त प्रावधान बमोजिम मिति २०८१/०१/०६ मा माननीय महालेखापरीक्षक श्री तोयम राया नेपालको १२ औं महालेखापरीक्षकको रुपमा नियुक्त हुनुभएको छ ।

महालेखापरीक्षकको कार्यालय अनामनगर, काठमाडौंमा रहेको छ । यस कार्यालयको संगठन संरचना देहाय बमोजिम रहेको छ।




## २. महालेखापरीक्षकको कार्यालयको काम, कर्तव्य र अधिकारः

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

नेपालको संविधानको धारा-२४१ मा महालेखापरीक्षकको कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छः-

१. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुनेछ ।

२. पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वमित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गरिनेछ । त्यस्तो सङ्गठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्नेछ ।

३. महालेखापरीक्षकलाई उपधारा (१) बमोजिमको कामका लागि लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । महालेखापरीक्षक वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

४. उपधारा (१) बमोजिम लेखापरीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिनेछ ।

५. उपधारा (१) मा उल्लेख भएका कार्यालयहरुको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखापरीक्षकबाट लेखापरीक्षण गर्नु पर्ने गरी संघीय कानून बमोजिम व्यवस्था गर्न सकिनेछ ।

## ३. महालेखापरीक्षकको कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

३.१ कार्यालयमा रहने कर्मचारी संख्याः

| | महालेखापरीक्षकको कार्यालयको कर्मचारी संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद नाम | श्रेणी/तह | सेवा | समूह | दरवन्दी | स्थायी | करार | कार्यरत | रिक्त | कैफियत |
| १ | उप-महालेखापरीक्षक | रा.प. विशिष्ट | नेपाल लेखापरीक्षण सेवा | _ | ४ | ४ | ० | ४ | ० | |
| २ | नायब महालेखापरीक्षक | रा.प. प्रथम | नेपाल लेखापरीक्षण सेवा | _ | १८ | १७ | ० | १७ | १ | |
| ३ | निर्देशक | रा.प.द्वितीय | नेपाल लेखापरीक्षण सेवा | _ | ११० | १०९ | ० | १०९ | १ | |
| ४ | निर्देशक विषेशज्ञ | रा.प.द्वितीय | नेपाल लेखापरीक्षण सेवा | _ | १ | ० | ० | ० | १ | |
| ५ | सूचना प्रविधि निर्देशक | रा.प.द्वितीय | नेपाल विविध सेवा | _ | १ | १ | ० | ० | ० | |
| ६ | कानून निर्देशक | रा.प.द्वितीय | नेपाल न्याय सेवा | कानून | १ | १ | ० | ० | ० | |
| ७ | लेखापरीक्षण अधिकारी | रा.प. तृतीय | नेपाल लेखापरीक्षण सेवा | _ | २५५ | २२४ | ० | २२४ | ३१ | |
| ८ | कम्प्युटर अधिकृत + | रा.प. तृतीय | नेपाल विविध सेवा | _ | २ | १ | ० | १ | १ | |
| ९ | कानून अधिकृत | रा.प. तृतीय | नेपाल न्याय सेवा | कानून | २ | १ | ० | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | टेलिफोन अधिकृत | रा.प. तृतीय | नेपाल विविध सेवा | _ | १ | ० | ० | ० | १ | |
| ११ | लेखापरीक्षण अधिक्षक | रा.प.अन. प्रथम | नेपाल लेखापरीक्षण सेवा | _ | १३० | १०३ | ० | १०३ | २७ | |
| १२ | टेलिफोन अपरेटर | रा.प.अन. प्रथम | नेपाल विविध सेवा | _ | १ | १ | ० | १ | ० | |
| १३ | कम्प्युटर अपरेटर | रा.प.अन. प्रथम | नेपाल विविध सेवा | _ | १४ | १४ | ० | १४ | ० | |
| १४ | टाईपिष्ट प्रथम | रा.प.अन. प्रथम | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | २ | १ | ० | १ | १ | |
| १५ | सहायक कम्प्युटर अपरेटर | रा.प.अन.द्वितीय | नेपाल विविध सेवा | _ | २० | ५ | ३ | ८ | १२ | |
| १६ | लेखापरीक्षण निरीक्षक | रा.प.अन.द्वितीय | नेपाल लेखापरीक्षण सेवा | _ | १६ | १६ | ० | १६ | ० | |
| १७ | काउन्टर सहायक | रा.प.अन.द्वितीय | नेपाल शिक्षा सेवा | पुस्तकालय | १ | ० | ० | ० | १ | |
| १८ | जुनियर मेकानिक्स | रा.प.अन.द्वितीय | नेपाल विविध सेवा | _ | १ | ० | १ | १ | ० | |
| १९ | जुनियर इलक्टि«सियन | रा.प.अन.द्वितीय | नेपाल ईन्जिनियरिङ्ग सेवा | ईलेक्ट्रिसियन | १ | १ | ० | १ | ० | |
| २० | हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल विविध सेवा | _ | ३० | ३ | १४ | १७ | १३ | |
| २१ | हेभी सवारी चालक | श्रेणी विहिन | नेपाल विविध सेवा | _ | २ | ० | १ | १ | १ | |
| २२ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल विविध सेवा | _ | ३० | ३ | २७ | ३० | ० | |
| जम्मा | | | | | ६४३ | ५०५ | ४६ | ५५१ | ९२ | |

## ३.२ कार्यविवरणः

### ३.२.१. केन्द्रीय सचिवालय एवं व्यवस्थापन महानिर्देशनालय:

व्यवस्थापन तथा केन्द्रीय सचिवालय, संवैधानिक तथा प्रशासनिक व्यवस्था, सुरक्षा व्यवस्थ र सार्वजनिक संस्थान लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, अनुगमन गर्ने, निर्देशन दिने कार्य । बजेट तथा कार्यक्रम संचालनको व्यवस्था मिलाउने, आयोजना हिसाब प्रमाणित गर्ने, राय सहितको प्रतिविदेन जारी गर्ने, नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण प्रमाणित गर्ने ।

### ३.२.२. संवैधानिक र प्रशासनिक व्यवस्था लेखापरीक्षण महानिर्देशनालयः

संवैधानिक निकाय तथा प्रशासनिक व्यवस्था लेखापरीक्षण निर्देशनालयले गर्ने कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने, आयोजना हिसाब प्रमाणिकरणसँग सम्बन्धित कार्य गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

### ३.२.३. सुरक्षा व्यवस्था लेखापरीक्षण महानिर्देशनालयः

गृह र रक्षा लेखापरीक्षण निर्देशनालयले गर्ने कामको समन्वय गर्ने, निरीक्षण गर्ने, आयोजना हिसाब प्रमाणिकरणसँग सम्बन्धित कार्य गर्ने, निर्देशन दिने निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

३.२.४. नीति योजना, जनशक्ति विकास अन्तर्राष्ट्रिय सम्बन्ध र अनुगमन एवं प्रतिवेदन महानिर्देशनालयः

नीति योजना तथा जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध, गुणस्तर आश्वस्तता निर्देशनालयले गर्ने कामको समन्वय, निरीक्षण, अनुगमन गर्ने, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, गुणस्तर नियन्त्रण एवं आश्वस्तता र प्रतिवेदन तथा अनुगमन सम्बन्धी नीति तर्जूमा गर्ने, अनुसन्धान तथा विकास सम्बन्धी कार्य गर्ने । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तयारीमा संयोजन सम्बन्धी कार्य ।

३.२.५. प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, वाग्मती प्रदेशः

वाग्मती प्रदेश लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने कार्य, स्थानीय तहको राय सहितको प्रतिवेदन जारी गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने । प्रदेशस्तरको वार्षिक प्रतिवेदन तयार गर्ने ।

३.२.६. भौतिक पूर्वाधार र सञ्चार लेखापरीक्षण महानिर्देशनालयः

भौतिक पूर्वाधार तथा यातायात लेखापरीक्षण र सञ्चार तथा सूचना प्रविधि लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने आयोजना हिसाब प्रमाणिकरणसँग सम्बन्धित कार्य गर्ने, निर्देशन दिने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन प्रमाणित गर्ने ।

३.२.७ जलश्रोत, पर्यटन, खानेपानी र शहरी विकास लेखापरीक्षण महानिर्देशनालयः

उर्जा, जलश्रोत तथा पर्यटन लेखापरीक्षण, शहरी विकास तथा खानेपानी लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, आयोजना हिसाब प्रमाणिकरणसँग सम्बन्धित कार्य गर्ने, निर्देशन दिने कार्य गर्ने, निकायको अन्तिम लखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

३.२.८. प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेशः

कोशी प्रदेश लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने कार्य, स्थानीय तहको राय सहितको प्रतिवेदन जारी गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने । प्रदेशस्तरको वार्षिक प्रतिवेदन जारी गर्ने ।

३.२.९. प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेशः

लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निर्देशन दिने कार्य, स्थानी तहको राय सहितको प्रतिवेदन जारि गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने । प्रदेश स्तरको वार्षिक प्रतिवेदन तयार गर्ने ।

३.२.१०.अर्थ तथा राजस्व लेखापरीक्षण महानिर्देशनालयः

आन्तरिक राजस्व लेखापरीक्षण र बजेट, केन्द्रीय लेखा-भन्सार लेखापरीक्षण तथा प्रतिवेदन निर्देशनालयले गर्ने कामको समन्वय गर्ने, निरीक्षण गर्ने, आयोजना हिसाब प्रमाणिकरसँग सम्बन्धित कार्य गर्ने, निर्देशन दिने कार्य गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

३.२.११.लेखापरीक्षक नियुक्ति, परामर्श तथा सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालयः

लेखापरीक्षक नियुक्ति तथा परामर्श र सार्वजनिक संस्थान लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, आयोजना हिसाब प्रमाणिकरणसँग सम्बन्धित कार्य गर्ने, निर्देशन दिने कार्य गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

३.२.१२.प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेशः

गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने कार्य, स्थानीय तहको राय सहितको प्रतिवेदन जारी गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने । प्रदेशस्तरको वार्षिक प्रतिवेदन तयार गर्ने ।

३.२.१३.प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेशः

लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने कार्य, स्थानीय तहको रायसहितको प्रतिवेदन जारी गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने । प्रदेशस्तरको वार्षिक प्रतिवेदन तयार गर्ने ।

३.२.१४.कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयः

कार्यमूलक तथा विशेष लेखापरीक्षण र सूचना प्रविधि लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने कार्य गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

३.२.१५.कृषि, भूमि व्यवस्थापन, वन, उद्योग, वाणिज्य तथा श्रम लेखापरीक्षण महानिर्देशनालयः

कृषि तथा पशुपन्छी विकास, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, उद्योग, वाणिज्य तथा आपूर्ति र श्रम लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, आयोजना हिसाब प्रमाणिकरणसँग सम्बन्धित कार्य गर्ने, निर्देशन दिने कार्य गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

३.२.१६.सामाजिक सेवा लेखापरीक्षण महानिर्देशनालयः

शिक्षा, विज्ञान तथा प्रविधि र विश्वविद्यालय, स्वास्थ्य तथा जनसंख्या लेखापरीक्षण र युवा तथा खेलकुद महिला बालबालिका तथा जेष्ठ नागरिक लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, आयोजना हिसाब प्रमाणिकरणसँग सम्बन्धित कार्य गर्ने, निर्देशन दिने कार्य गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने ।

३.२.१७.प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेशः

कार्णाली प्रदेश लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने कार्य, स्थानीय तहको राय सहितको प्रतिवेदन जारी गर्ने, मातहतको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने । प्रदेशस्तरको वार्षिक प्रतिवेदन तयार गर्ने ।

३.२.१८.प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेशः

सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालयको कामको समन्वय गर्ने, निरीक्षण गर्ने, निर्देशन दिने कार्य, स्थानीय तहको रायसहितको प्रतिवेदन जारी गर्ने, निकायको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने । प्रदेशस्तरको वार्षिक प्रतिवेदन तयार गर्ने ।

## ४. कार्यालयबाट प्रदान गरिने सेवाः

(क) लेखापरीक्षण सेवा

१. लेखा उत्तरदायी अधिकृतहरुलाई लेखापरीक्षणको वार्षिक कार्यतालिका पठाउने,
२. लेखा उत्तरदायी अधिकृतहरुलाई लेखापरीक्षणको स्थलगत लेखापरीक्षण कार्यक्रमको जानकारी गराउने,
३. लेखापरीक्षण योजना तर्जुमा तथा सोको कार्यान्वयन,
४. सम्परीक्षण,
५. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गर्ने,
६. आयोजना लेखा प्रमाणीकरण,
७. सार्वजनिक क्षेत्र लेखामानको वित्तीय विवरणमा राय प्रदान गर्ने,
८. लेखापरीक्षणको अन्तिम प्रतिवेदन जारी गर्ने,
९. लेखापरीक्षणको वार्षिक प्रतिवेदन जारी गर्ने,
१०.वार्षिक प्रतिवेदन वितरण गर्ने ।

(ख) परामर्श सम्बन्धी सेवा

१. लेखापरीक्षक नियुक्तिको परामर्श दिने,
२. लेखा ढाँचा स्वीकृत गर्ने,
३. लेखा तथा लेखापरीक्षण सम्बन्धमा परामर्श उपलब्ध गराउने ।

## ५ कार्यालयमा सेवा प्रदान गर्ने विभाग, महानिर्देशनालय, निर्देशनालय र जिम्मेवार अधिकारीः

| क्र. सं. | विभाग र विभागीय प्रमुखको नाम | महानिर्देशनालय र प्रमुखको नाम | निर्देशनालय र निर्देशनालय प्रमुखको नाम |
|---|---|---|---|
| १. | शासकीय व्यवस्था लेखापरीक्षण विभाग<br><br>उप-महालेखापरीक्षक श्री विन्दु विष्ट | केन्द्रीय सचिवालय एवं व्यवस्थापन महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री श्रीकुमार राई | व्यवस्थापन निर्देशनालय/सचिवालय र संस्थागत सम्बन्ध समेत<br><br>निर्देशक लक्ष्मण आचार्य |
| | | | महालेखापरीक्षकको सचिवालय एवं संस्थागत सम्बन्ध र सञ्चार निर्देशनालय<br><br>निर्देशक श्री रमेश सुवेदी |
| | | | आर्थिक प्रशासन निर्देशनालय<br><br>निर्देशक श्री टीकानाथ अर्याल |
| | | | कानूनी सेवा निर्देशनालय<br>निर्देशक श्री ... |
| | | | सूचना प्रविधि व्यवस्थापन निर्देशनालय<br><br>निर्देशक श्री.. |
| | | संबैधानिक निकाय तथा प्रशासनिक व्यस्था लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री श्रीकुमार राई | संवैधानिक तथा प्रशासनिक लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री किशोर पाण्डे |
| | | | परराष्ट्र लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री प्रेम बहादुर मुङमेन |
| | | सुरक्षा निकाय तथा प्रशासनिक व्यवस्था लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री जयराम घिमिरे | गृह लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री दिनेश मिश्र |
| | | | रक्षा लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री यज्ञ प्रसाद वस्ती |
| | | नीति, योजना तथा जनशक्ति विकास, अनुगमन महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी | नीति, योजना, जनशक्ति विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालय<br><br>निर्देशक श्री जितेन्द्र श्रेष्ठ |
| | | | गुणस्तर आश्वस्तता लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री जगन्नाथ घिमिरे |
| | | | केन्द्रीय प्रतिवेदन निरीक्षण अनुगमन निर्देशनालय |

| | | | |
|---|---|---|---|
| | | | निर्देशक श्री संगिता फूयांल |
| | | प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश<br><br>नायव महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डे | बाग्मती प्रदेश लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री लेखप्रसाद लामिछाने |
| २. | पूर्वाधार विकास लेखापरीक्षण विभाग<br><br>उपमहालेखापरीक्षक श्री पदमराज पौडैल | भौतिक पूर्वाधार लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री रविन्द्र प्रसाद देवकोटा | भौतिक पूर्वाधार लेखापरीक्षण निर्देशनालय<br><br>निर्देश श्री परशुराम न्यौपाने |
| | | | सञ्चार लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री भुमिराज आचार्य |
| | | जलश्रोत, पर्यटन, खानेपानी र शहरी विकास लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री हुमनाथ सुवेदी | जलश्रोत, उर्जा, पर्यटन लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री कृष्ण प्रसाद ज्ञवाली |
| | | | खानेपानी लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री रघुपति महत |
| | | | शहरी विकास लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री नेत्र प्रसाद पौडेल |
| | | प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश<br><br>नायव महालेखापरीक श्री बालकृष्ण थापा | कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री शिव प्रसाद आचार्य |
| | | प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश<br><br>नायव महालेखापरीक्षक श्री इन्द्रप्रसाद आचार्य | मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री विष्णुप्रसाद खनाल |
| ३. | अर्थ, राजस्व तथा कार्यमूलक लेखापरीक्षण विभाग<br><br>उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी | अर्थ तथा राजस्व लेखापरीक्षण महानिर्देशनालय<br><br>नायब महालेखापरीक्षक श्री घनश्याम पराजुली | आन्तरिक राजस्व लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री लेख बहादुर थापा |
| | | | बजेट, केन्द्रीय लेखा, भन्सार लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री सत्यनारायण थापा |
| | | कार्यमूलक लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री श्याम प्रसाद भण्डारी | कार्यमूलक तथा विशेष लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री ताराध्वज सुनुवार |
| | | सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री घनश्याम काफ्ले | सार्वजनिक संस्थान एवं लेखापरीक्षण नियुक्ति, परामर्श तथा अनुगमन<br><br>निर्देशनालय निर्देशक श्री दुर्गा बहादुर बस्नेत |
| | | प्रदेशिक लेखापरीक्षण महानिर्देशनलय, गण्डकी प्रदेश<br><br>नायव महालेखापरीक श्री राजेन्द्रराज ओझा | गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री बुद्धिराज बसेल |
| | | प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश<br><br>नायव महालेखापरीक्षक श्री नारायण एम.सी. | लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री टिकाराम श्रेष्ठ |

| | | | |
|---|---|---|---|
| ४. | आर्थिक तथा सामाजिक लेखापरीक्षण विभाग<br><br>उपमहालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारी | कृषि, भूमि व्यवस्थापन, वन, उद्योग वाणिज्य तथा श्रम लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री नेत्र कुमार खत्री/ श्री पशुपतिकुमार काफ्ले | कृषि लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री ध्रुवराज भुसाल |
| | | | भूमि व्यवस्था लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री अन्तत प्रसाद तिवारी |
| | | | उद्योग, वाणिज्य, आपूर्ति र श्रम लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री थवराज अधिकारी |
| | | | वन लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री प्रकाश कुमार खत्री |
| | | सामाजिक सेवा लेखापरीक्षण महानिर्देशनालय<br><br>नायव महालेखापरीक्षक श्री शंकरप्रसाद पन्थी | स्वास्थ्य लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री रमेश नेपाल |
| | | | शिक्षा तथा विश्वविद्यालय लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री प्रमोद कुमार केसी |
| | | | युवा, खेलकुद, महिला तथा बालबालिका र विज्ञान प्रविधि लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री केदार प्रसाद खकुरेल |
| | | प्रादेशिक लेखापरीक्षण महानर्देशनालय, कर्णाली प्रदेश<br><br>नायव महालेखापरीक्षक श्री रामप्रकाश महतो | कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री कल्पना घिमिरे |
| | | प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम प्रदेश<br>नायव महालेखापरीक्षक श्री पशुपतिकुमार काफ्ले | सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय<br><br>निर्देशक श्री रामचन्द्र पौडैल |

## ६ सेवा प्राप्त गर्ने प्रक्रिया र लाग्ने समयावधिः

| क्र. स. | सेवाको विवरण | शुरु कारवाही गर्ने जिम्मेवार व्यक्ति र निर्देशनालय | कारवाही टुंगो लगाउने जिम्मेवार व्यक्ति/निर्देशनालय | सेवाग्राहीले पेश गर्नुपर्ने कागजात | कार्य सम्पादन गर्न लाग्ने समय | कार्य सम्पन्न हुन नसकेमा गुनासो सुन्ने व्यक्ति |
|---|---|---|---|---|---|---|
| **(क) लेखापरीक्षण सेवा** | | | | | | |
| १. | लेखा उत्तरदायी अधिकृतहरुलाई लेखापरीक्षणको वार्षिक कार्यतालिका पठाउने | निर्देशक, नीति योजना तथा जनशक्ति विकास लेखापरीक्षण महानिर्देशनालय | महालेखापरीक्षक | - | आषाढ मसान्त | महालेखापरीक्षक |
| २. | लेखा उत्तरदायी अधिकृतहरुलाई लेखापरीक्षणको स्थलगत लेखापरीक्षण कार्यक्रमको जानकारी गराउने (लेखापरीक्षण गरिने कार्यालय र निकायहरुलाई) | निर्देशक, सम्बन्धित निर्देशनालय | नायब महालेखापरीक्षक | - | वार्षिक कार्यतालिका पठाएको १ महिना भित्र | उप-महालेखापरीक्षक |
| ३. | लेखापरीक्षण योजना तर्जुमा तथा सोको कार्यान्वयन (बक्यौता समेत) | लेखापरीक्षण अधिकारी र निर्देशक | नायब महालेखापरीक्षक | लेखापरीक्षण गरिने कार्यालय र निकायहरुले वित्तीय विवरण र कारोबारको लेखा | वार्षिक कार्यतालिका र लेखापरीक्षण योजना अनुसार | उप-महालेखापरीक्षक |
| ४. | सम्परीक्षण | लेखापरीक्षण अधीक्षक, अधिकारी र निर्देशक | लेखापरीक्षण अधिकारी, निर्देशक, नायब महालेखापरीक्षक र उप-महालेखापरीक्षक | लेखापरीक्षण गरिने कार्यालय र निकायहरुले बेरुजू फस्र्यौट गरेको कागजात | पत्र प्राप्त भएको १५ दिन भित्र | निर्देशक, नायब महालेखापरीक्षक, उप-महालेखापरीक्षक र महालेखापरीक्षक |
| ५. | लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन | लेखापरीक्षण अधिकारी र निर्देशक | लेखापरीक्षण अधिकारी र निर्देशक | लेखापरीक्षणको क्रममा माग गरेको विवरण एवं कागजात | केन्द्रको लेखापरीक्षणको हकमा समापन बैठक भएको १५ दिन भित्र र जिल्लाको हकमा डोर अवधि भित्र | निर्देशक र नायब महालेखापरीक्षक |
| ६. | आयोजना लेखा प्रमाणीकरण | लेखापरीक्षण अधिकारी र निर्देशक | नायब महालेखापरीक्षक र उप-महालेखापरीक्षक | व्यवस्थापनबाट प्रमाणित आयोजना लेखा | आयोजना लेखा प्राप्त भएको १५ दिनभित्र | महालेखापरीक्षक |
| ७. | सार्वजनिक क्षेत्र लेखामान NPSAS वित्तिय विवरणमा राय प्रदान | लेखापरीक्षण अधिकारी र निर्देशक | उप-महालेखापरीक्षक | NPSAS अनुरूपको वित्तिय विवरण | प्राप्त भएको १५ दिनभित्र | उप-महालेखापरीक्षक |
| ८. | लेखापरीक्षणको अन्तिम प्रतिवेदन (केन्द्रीयस्तरको कार्यालयहरुको कार्यसञ्चालन स्थानीय तह र सार्वजनिक संस्थान मात्र) | लेखापरीक्षण अधिकारी र निर्देशक | निर्देशक र नायब महालेखापरीक्षक | लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको जवाफ | जवाफ प्राप्त भएको ३० दिनभित्र | उप-महालेखापरीक्षक |
| ९. | वार्षिक प्रतिवेदन तयार गर्ने | लेखापरीक्षण अधिकारी र निर्देशक | महालेखापरीक्षक | - | वार्षिक कार्यतालिका अनुसार | महालेखापरीक्षक |
| १०. | सार्वजनिक संस्थाहरुको लेखापरीक्षक नियुक्ति | निर्देशक, संस्थान निर्देशनालय | महालेखापरीक्षक | - | आषाढ मसान्तभित्र | महालेखापरीक्षक |
| **(ख) परामर्श सेवा** | | | | | | |
| ११. | लेखापरीक्षक नियुक्तिको परामर्श | निर्देशक, संस्थान निर्देशनालय | महालेखापरीक्षक | महालेखापरीक्षकको कार्यालयको प्रकाशन नं ९ (२०५५) को दफा १९१ मा उल्लेख भए अनुसार | माग भई आएको १५ दिन भित्र | महालेखापरीक्षक |
| १२. | लेखा ढाँचा स्वीकृत | निर्देशक, नीति योजना तथा जनशक्ति विकास लेखापरीक्षण महानिर्देशनालय | महालेखापरीक्षक | महालेखा नियन्त्रक कार्यालयबाट प्रस्तावित लेखा ढाँचा सहितको सिफारिस पत्र | सिफारिस भई आएको ३५ दिनभित्र | महालेखापरीक्षक |
| १३. | लेखा तथा लेखापरीक्षण सम्बन्धमा परामर्श उपलब्ध गराउने | निर्देशक, नीति योजना तथा जनशक्ति विकास लेखापरीक्षण महानिर्देशनालय | महालेखापरीक्षक | लेखापरीक्षण गरिने कार्यालय र निकायबाट परामर्श माग भएको विषय उल्लेख गरेको पत्र | माग भई आएको ३५ दिन भित्र | महालेखापरीक्षक |
| **(ग) सरोकारवालाहरुसँगको सम्बन्ध** | | | | | | |
| १४. | सूचना प्रवाह (सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार) | सूचना अधिकारी | सूचना अधिकारी | सरोकारवालाले माग गरेको सूचनाको व्यहोरा उल्लेख भएको पत्र | सूचनाको प्रकृति अनुसार तत्काल वा निवेदन प्राप्त भएको १५ दिनभित्र | उप-महालेखापरीक्षक |
| १५. | सरोकारवालाको गुनासो सुनुवाई (सुशासन ऐन, २०६४ अनुसार) | नोडल अधिकृत | नोडल अधिकृत | गुनासोकर्ताको फोन, ईमेल, फ्याक्स आदि खुलेको निवेदन | गुनासोको प्रकृति अनुसार | उप-महालेखापरीक्षक |
| १६. | कार्यालयको काम कारवाहीको विषयमा सरोकारवालालाई जानकारी (सुशासन ऐन, २०६४ अनुसार) | प्रवक्ता/सहायक प्रवक्ता | प्रवक्ता/सहायक प्रवक्ता | सरोकारवालाबाट जानकारी माग गरेको विषय | तुरुन्त वा माग भए बमोजिम | उप-महालेखापरीक्षक |
| १७. | आपूर्तिकर्ताको सेवा वा वस्तु खरिदको बिलको भुक्तानी | लेखापरीक्षण अधीक्षक, लेखापरीक्षण अधिकारी (आर्थिक प्रशासन शाखा) | निर्देशक र नायब महालेखापरीक्षक | रीतपूर्वकको बिल भरपाई, आदि | कानून र सम्झौता अनुसार | उप-महालेखापरीक्षक |
| **(घ) अन्य सेवा** | | | | | | |
| १८. | वार्षिक प्रतिवेदन वितरण (छापिएको प्रति र विद्युतीय प्रति) | लेखापरीक्षण अधिकारी (जिन्सी शाखा) | निर्देशक (विभागीय प्रशासन) | आधिकारिक माग पत्र (विद्युतीय प्रतिको हकमा माग पत्रका डाटा स्टोर गर्ने सामग्री) | केन्द्रीय स्तरका निकायका लागि सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएपछि अन्यको हकमा उपलब्ध भएसम्म र विद्युतीय प्रतिको हकमा तुरुन्त | नायब महालेखापरीक्षक (विभागीय प्रशासन) |

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः

(क) प्रक्रिया

- सूचना मागकर्ताले आफूले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी कार्यालयको सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन दिनुपर्ने,
- निवेदकले माग गरे बमोजिमको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ,
- सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफूभन्दा माथिल्लो तहबाट निर्णय गराउनु पर्ने भएमा सो को जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराइनेछ,
- प्रचलित कानून तथा यस कार्यालयको ऐन, नियम, निर्देशिका तथा मापदण्डले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन,
- अन्य विषयको निर्णय विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन, छलफल आदिका आधारमा हुने गर्दछ ।

(ख) निर्णय गर्ने अधिकारी

सूचनाको प्रकृति अनुसार महालेखापरीक्षक, उपमहालेखापरीक्षक एवं नायब महालेखापरीक्षक ।

७ सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारीः सम्बन्धित विभागका उपमहालेखापरीक्षक

## ८. सम्पादन गरेको कामको विवरणः (२०८१ कार्तिक-पौष)

- आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण तथा बेरुजु फर्स्यौट लगायतका विषयमा माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा उपत्यका भित्रका २ महानगरपालिका र १६ नगरपालिकाका पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम महालेखापरीक्षकको कार्यालयमा २०८१।७।७ मा सम्पन्न गरिएको,
- महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि, नेशनल अडिट अफिस अफ श्रीलङ्काको डेपुटी अडिटर जनरल Mr. Senarath Tissa Bandara Ratnanayake को नेतृत्वमा आएको टोली र विश्व बैंकका प्रतिनिधिको संयुक्त टोलीबीच २०८१ मंसिर १७-२१ सम्म Engagement of Civil Society Organizations (CSOs) In Performance Audit विषयक कार्यशाला होटल हिमालय, ललितपुरमा सम्पन्न भएको,
- महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण नीति तथा योजना तथा महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माननीय महालेखापरीक्षकज्यू, उपमहालेखापरीक्षक तथा नायब महालेखापरीक्षक सहितको टोलीबाट मिति २०८१ मंसीर २४ र २५ गते कोशी प्रदेशको सार्वजनिक लेखा समिति तथा प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फर्स्यौट, सम्परीक्षण लगायतका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,

- महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण नीति तथा योजना तथा महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माननीय महालेखापरीक्षकज्यू, उपमहालेखापरीक्षक तथा नायब महालेखापरीक्षक सहितको टोलीबाट मिति २०८१ मंसीर २६ र २७ गते मधेश प्रदेशको सार्वजनिक लेखा समिति तथा प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फस्यौंट, सम्परीक्षण लगायतका विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको,
- वार्षिक लेखापरीक्षण योजना, २०८१ अनुसार पहिलो चरण अन्तर्गत ४१ जिल्ला तथा उपत्यका बाहिरका आन्तरिक राजस्व कार्यालयहरुको लेखापरीक्षण र प्रारम्भिक प्रतिवेदन, लेखापरीक्षणको क्रममा देखापरेका कठिनाइहरु र आगामी दिनमा लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक सुझाव संकलन सहितको समीक्षा कार्यक्रम २०८१ कार्तिक ५ गते कार्यालयको सभाकक्षमा सम्पन्न भएको,
- महालेखा नियन्त्रक श्री विनोदप्रकाश सिंहले मिति २०८१।७।१४ मा माननीय महालेखापरीक्षक समक्ष आर्थिक वर्ष २०८०/८१ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेश गर्नुभएको,
- महालेखापरीक्षकको कार्यालयमा माननीय महालेखापरीक्षक श्री तोयम रायासमक्ष महालेखा नियन्त्रक श्री विनोदप्रकाश सिंहले २०८१।०९।१४ मा आर्थिक वर्ष २०८०/८१ को तीनै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण पेश गर्नुभएको,
- न्यायाधीश समाज, नेपालको आयोजनामा बुढानीलकण्ठमा मिति २०८१ कार्तिक ३० र मंसिर १ गते सञ्चालित सार्वजनिक खरिद सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा कार्यालयका नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी तथा निर्देशक श्री जितेन्द्र श्रेष्ठको सहभागिता रहेको थियो । सार्वजनिक खरिद सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरुका सम्बन्धमा सरोकारवालाहरु बीच छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना भएको
- २०८१।०९।१४ भर्चुअल मिटिङ्ग मर्फत लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन सम्बन्धमा सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।
- यस अवधिको विभिन्न मितिमा कोशी, मधेश, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेश सरकारसँगका सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यू, माननीय सदस्यहरुज्यूहरुसँग तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा माननीय मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरु, प्रमुख सचिव, प्रदेश सचिवजहरु, प्रदेश लेखा नियन्त्रक तथा अन्य कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ । उक्त छलफल तथा अन्तरक्रिया कार्यक्रममा माननीय महालेखापरीक्षक, उपमहालेखापरीक्षक, सम्बन्धित प्रादेशिक लेखापरीक्षण महानिर्देशनालयको नायव महालेखापरीक्षक लगाएतको कर्मचारीको उपस्थितिमा प्रदेश सरकारका आर्थिक अनुशासन एवं वित्तीय जवाफदेहिताको सन्दर्भमा छलफल भएको थियो । उक्त अवसरमा प्रदेश सरकारको लेखापरीक्षण टोली प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।

## ९. सूचना अधिकारी र प्रमुखको नाम र पदः

कार्यालय प्रमुख-

सूचना अधिकारी- निर्देशक श्री रमेश सुवेदी, सम्पर्क नं.- ९८५१३५४०२६, ईमेल dir.admin@oagnep.gov.np

## १०. आयोगका कार्यसञ्चालनमा प्रयोग हुने ऐन, नियम, विनियम र निर्देशिकाको सूचीः

- नेपालको संविधान
- लेखापरीक्षण ऐन, २०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७८
- बेरुजू वर्गीकरण निर्देशिका, २०७६
- स्थानीय तहको लेखापरीक्षण सम्बन्धी निर्देशिका, २०७४
- Performance Audit Guide, 2023
- Financial Audit Guide, 2023
- Compliance Audit Guide, 2023
- नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७
- महालेखापरीक्षकको रणनीतिक योजना २०२१-२०२५
- सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०
- महालेखापरीक्षकको कार्यालयबाट समय-समयमा भएका निर्णयहरु
- अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु ।

## ११. तोकिए बमोजिमका अन्य विवरणः (सूचना माग गरेको विवरण)

सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गरी माग गरेको सूचना र सो को विवरण-
यस अवधिमा कुनै पनि सूचना माग नभएको ।

## १२. अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुः

- सम्पूर्ण सरकारी कार्यालयहरुको आ.व. २०७९/८० को अन्तिम लेखापरीक्षण रिपोर्टका आधारमा महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१, महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१ सारांश तयार गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएको,
- प्रदेश सरकारको आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी ७ वटै प्रदेशको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरिएको,
- अनवरत पेशागत तालिम सञ्चालन गरिएको,
- INTOSAI, IDI, ASOSAI तथा विभिन्न सर्वोच्च लेखापरीक्षण संस्थाले आयोजना गरिएको तालिम कार्यक्रममा कार्यालयको तर्फबाट प्रतिनिधित्व एवं सहभागिता भएको,
- विभिन्न बाह्र वटा विषयमा कार्यमूलक लेखापरीक्षण गरी सोका आधारमा कार्यमूलक लेखापरीक्षण प्रतिवेदन, २०८१ तयार गरी वेबसाइटमा प्रकाशन गरिएको ।

## १३. सार्वजनिक निकायको वेबसाइटः

महालेखापरीक्षकको कार्यालयको वेबसाइट www.oag.gov.np रहेको छ ।

## १४. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः

- कार्यलयको वेबसाइट www.oag.gov.np,

- कार्यालयबाट नियमित रुपमा प्रकाशन हुने वुलेटिन,
- कार्यालयबाट नियमित रुपमा प्रकाशन हुने लेखापरीक्षण बुलेटिन
- प्रत्येक वर्ष जारी हुने वार्षिक लेखापरीक्षण प्रतिवेदन ।

## १५. महालेखापरीक्षकको कार्यालयबाट सूचना गुनासो जानकारी पृष्ठपोषण सम्बन्धमा भएका कामकारबाहीहरूः

- लेखापरीक्षणको खटाइएको ३६ वटा जिल्लाको लेखापरीक्षणलाई सघाउ पुग्ने सूचना जानकारी एवं लेखापरीक्षण सम्बन्धमा कुनै गुनासो भएका महालेखापरीक्षकको कार्यालयमा उपलब्ध गराईदिनुहुन भनि देहायको सूचना देशभरका २०० भन्दा बढी एफ रेडियो विहान ६ बजे काया कैरन मार्फत प्रसारण गरिएको
- महालेखापरीक्षकको हट लाइन 18105000061
- महालेखापरीक्षकको इमेल gunaso@oagnep.gov.np
- प्रबक्ताको फोन ९८५१३५४००६
- सूचना अधिकारीको फोन नं. ९८५१३५४०२६
- कार्यलयको इमेल dir.admin@oagnep.gov.np
- लेखापरीक्षणको क्रममा सरोकारवालासँगको छलफल तथा अन्तर्क्रिया कार्यकमको लागि १५/१५ दिनमा सरोकारवालासँगको भर्चुअल बैठक